बैठक संख्याः २०८

आज मिति २०८३ साल भाद्र २५ गते बिहिवार निजगढ नगरपालिकाको प्रमुख श्री सुरथ पुरीज्यूको अध्यक्षतामा निजगढ नगरपालिकाको नगर कार्यपालिकाको बैठक बस्यो। उक्त बैठकको उपस्थिति र निर्णय देहाय अनुसार रहेको छ।

उपस्थितिः

१. प्रमुख श्री सुरथ पुरी
२. उपप्रमुख श्री सोममाया थिङ्ग
३. प्रमुख प्रशासकीय अधिकृत श्री सुर्य प्रसाद गौतम (सदस्य सचिव)
४. १ नं. वडा अध्यक्ष श्री मंगले लोप्चन
५. २ नं. वडा अध्यक्ष श्री राजन श्रेष्ठ
६. ३ नं. वडा अध्यक्ष श्री गोकुल प्रसाद तिमल्सिना
७. ४ नं. वडा अध्यक्ष श्री विशन सापकोटा
८. ५ नं. वडा अध्यक्ष श्री सूर्य बहादुर थापा मगर
९. ६ नं. वडा अध्यक्ष श्री घनश्याम तिमल्सिना
१०. ७ नं. वडा अध्यक्ष श्री टेक बहादुर लामा
११. ८ नं. वडा अध्यक्ष श्री स्वर्ण लामा
१२. ९ नं. वडा अध्यक्ष श्री रामचन्द्र कटुवाल
१३. १० नं. वडा अध्यक्ष श्री आशाकाजी श्रेष्ठ
१४. ११ नं. वडा अध्यक्ष श्री सहइया गुरो
१५. १२ नं. वडा अध्यक्ष श्री ज्ञान बहादुर गोले
१६. १३ नं. वडा अध्यक्ष श्री सूर्य घलान
१७. नगर कार्यपालिका सदस्य श्री पवित्रा सुनार
१८. नगर कार्यपालिका सदस्य श्री फुलमाया लामा घलान
१९. नगर कार्यपालिका सदस्य श्री मनमाया तामाङ
२०. नगर कार्यपालिका सदस्य श्री मनमाया मगर
२१. नगर कार्यपालिका सदस्य श्री मिना चौरेल
२२. नगर कार्यपालिका सदस्य श्री मान बहादुर डासेली
२३. नगर कार्यपलिका सदस्य श्री मैया कुमारी सुनार
२४. नगर कार्यपलिका सदस्य श्री शर्मिला विश्वकर्मा

आमन्त्रितः

१. लेखा अधिकृत श्री शिव प्रसाद देवकोटा
२. रोजगार संयोजक श्री ऋषव राज काफ्ले
३. अधिकृत छैटौ श्री जिवन गौतम ४. सू.प्र.अ. श्री नविन तिमल्सीना ५. क.स.अ. श्री राम कुमार लामिछाने

सहयोगी कर्मचारीः

१. का.स. किरन आचार्य २. न.प्र.ह. श्री लक्ष्मण प्रसाद पराजुली

कार्यसूची

१. अघिल्लो बैठकको समिक्षा सम्बन्धमा।
२. कार्यालयको तर्फबाट बाढी पिडीतका लागि राहत सम्वन्धमा।
३. निजगढ सिटी अस्पतालको सञ्चालन अनुमति माग सम्बन्धमा ।
४. स्वास्थ्य कर्मचारीहरुको स्तर बृद्धि सम्बन्धमा ।
५. नगर दररेट सम्बन्धमा।
६. नदीजन्य पदार्थको आय ठेक्का सम्बन्धमा ।
७. आर्थिक सहायता सम्वन्धमा।
८. विविध।

निर्णयहरु:

१. निजगढ नगरपालिका नगर कार्यपालिकाको मिति २०८३।०४।०५ गतेको बैठकको निर्णय कार्यान्वयनको समिक्षा गरियो।
२. २०८३ भाद्र १० गते भोटेकोशी नदीमा आएको बाढीका कारणले रसुवा, नुवाकोट, धादिङ, गोरखा लगायत जिल्लामा गएको बिनासकारी बाढी पहिरोबाट ज्यान गुमाउनु हुने सम्पूर्ण मृतकहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै मृतकका परिवार तथा आफन्तजन प्रति गहिरो समवेदना प्रकट, घाइतेहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दै बेपत्ता भएका नागरिकहरुको खोजी तथा उद्धार कार्य र बाढीबाट भएको भौतिक क्षतिमा राहत तथा पुनःस्थापनाका लागि संघीय सरकारले निर्धारण गरेको विभिन्न तहका कर्मचारीहरुको तोकिएको दिन बराबर सुरुको तलब स्केलबाट तलब कट्टा गर्ने निर्णय भए बमोजिम यस निजगढ नगरपालिकामा स्थायी तथा करार सेवामा कार्यरत शिक्षक तथा कर्मचारीहरुको तलब कट्टा गरी प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गर्ने। नगरपालिकाको चालु आ.व. मा स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत विपद् व्यवस्थापन शीर्षकमा विनियोजित बजेटबाट रु ६ लाख ५३ हजार ६ सय ८३ र जनप्रतिनिधिहरुको सम्वन्धमा जनप्रतिनिधिहरुले मासिक रुपमा पाउने सुविधाको १० दिन बराबरको रकम गरी कुल ४० लाख ४० हजार ४ सय ४० मात्र संघीय सरकारको दैवी प्रकोप उद्धार कोषको खातामा जम्मा गर्न आवश्यक प्रबन्ध मिलाउन निर्देशन दिने ।
३. निजगढ सिटी अस्पतालले निजगढ नगरपालिकामा स्वास्थ्य संस्था दर्ता अनुमति तथा नविकरण सम्वन्धी निर्देशिका, २०८२ को दफा ४ को उपदफा (१) सँग सम्वन्धित अनुसूची ३ को पूर्वाधार स्वीकृतिको मनसाय पत्र सहित १० (दश) शैयाको अस्पताल सञ्चालन तथा स्वीकृतिका लागि निवेदन पेश गरेकोमा पेश भए बमोजिम भए/नभएको एकिन गरी सिफारिस साथ पेश गर्न तपसिल बमोजिमको समिति गठन गर्ने र सो समितिले पेश गर्ने प्रतिवेदनका आधारमा आगामी नगर कार्यपालिकाको बैठकबाट निर्णय भए पश्चात बाकी प्रक्रिया अगाडि बढाउने।

सुरेश पुरी
नगर प्रमुख

सूर्य प्रसाद गौतम
प्रमुख प्रशासकीय अधिकृत

तपसिल

१. संयोजक- पूर्वाधार शाखा प्रमुख १

२. सदस्य- स्वास्थ्य शाखा (मणिश्वर घिमिरे) १

३. सदस्य सचिव- जिन्सी प्रमुख (हिरालाल राना) १

४. निजगढ नगरपालिका मातहतका स्वास्थ्य चौकीहरुमा कार्यरत पाँचौ तहका कर्मचारीहरुको स्तर बृद्धिका लागि पेश भएको निवेदन र आवश्यक कागजात उपर कार्यालयले गठन गरेको समितिको मूल्याङ्कन बमोजिम स्तरबृद्धि गर्ने । निजहरुको जेष्ठता २०८३ श्रावण १ गते देखि कायम रहने र तह बृद्धिको पत्र बुझेको मितिबाट सम्बन्धित तहको सेवा सुविधा पाउने व्यवस्था मिलाउन निर्देशन दिने।

५. आर्थिक वर्ष २०८३।०८४ को लागि स्वीकृत भएको जिल्ला दररेटलाई नै नगरपालिकाले स्थानीय दररेट कायम गरी निर्माण लगायतका कार्यहरु गर्ने/गराउने व्यवस्था मिलाउने।

६. IEE मा स्वीकृत भएको नदीजन्य पदार्थको परिमाण र निजगढ नगरपालिकाको स्वीकृत आर्थिक ऐन, २०८३ मा तोकिएको दररेट बमोजिम प्राविधिकबाट प्राप्त मूल्याङ्कन बमोजिम नदीजन्य पदार्थको आय ठेक्का प्रक्रिया अघि बढाउने।

७. निजगढ नगरपालिकाबाट आ.व. ०८२।०८३ मा वडा नं. ७ निवासी निमा कुमारी श्रेष्ठलाई उपचारका लागि आर्थिक सहायता स्वरुप कृषि विकास बैङ्क लिमिटेड, निजगढ शाखाको चेक नं. ००४२०३२८२३ बाट रु २० हजार उपलब्ध गराएकोमा विविध कारणले सम्बन्धित व्यक्तिले तोकिएको अवधि भित्र चेकबाट नगद झिक्न नसकिएको भनि निवेदन पेश भएको हुँदा सो को यथार्थ विवरण पालिकाको बैङ्क खाताको स्टेटमेन्ट प्रमाणिकरण गरी रकम नझिकिएको हो भन्ने एकिन भएमा उक्त रकम क्रिया खर्च बापत निजको बुवा मान बहादुर श्रेष्ठलाई उपलब्ध गर्ने र तपसिलका वडाहरुका उल्लेखित व्यक्तिहरु उल्लेखित रोगहरुबाट पीडित भई उपचारार्थ रहेको भनि पालिकाबाट आर्थिक सहायता अपेक्षा गरी निवेदन पेश गरेको हुँदा ति व्यक्तिहरुलाई देहाय बमोजिम सहायता उपलब्ध गर्ने।

तपसिल

वडा नं. १२ निवासी दावा दोर्जे लामाको दायाँ मृगौला फेल र बायाँ भागको मृगौलामा पानी जमेर समस्या भएको हुँदा निजलाई रु २५,०००।

वडा नं. २ निवासी बिर बहादुर नेगी Bone Marrow in Heparin समस्या भएको हुँदा निजलाई रु २०,०००।

मुक्ता शर्मा
नगर प्रमुख

प्रमुख प्रशासकीय अधिकृत